**President**

Basant Adhikari

**Immediate Past President**

Shree Krishna Bhatta

**Vice-President**

Bimala Bhatta

**General Secretary**

Sagar Dahal

**Secretary**

Roshan Lama

**Treasurer**

Chetraj Pandit

**Sub-Treasurer**

Uma Devi Thapa

**Members**

Sudip Chiluwal

Anjana Khadka

Pratik Khanal

Binjwala Shrestha

Bijesh Basnet

Dayakrishna Pant

Ramanand Pandit

Randhir Kumar Yadav

Ambika Baniya

मिति : २०७९/२/२२

## बिज्ञप्ति

नेपाल सरकारको आर्थिक बर्ष २०७९/८० को बजेट बक्तव्यको बुंदा नम्बर १५१ मा उल्लेखित स्वास्थ्य बीमालाई बीमा कम्पनी मार्फत संचालन गरिनेछ भन्ने बिषयमा नेपाल जनस्वास्थ्य संघको ध्यानाकर्षण भएको छ । उक्त प्रावधान अनुसार सामाजिक सुरक्षाको एउटा अभिन्न अंगको रुपमा रहेको स्वास्थ्य बीमालाई नाफा मुलक ढंगबाट कुनैपनि कम्पनी मार्फत संचालन गरिएमा नेपाली जनताको स्वास्थ्य सम्बन्धि संबैधानिक हक तथा नेपाल सरकारले गरेका अन्तराष्ट्रीय प्रतिबद्धताको प्रतिकूल हुने देखिन्छ ।

नेपालले दीगो विकास लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय प्रतिवद्धता जनाए अनुसार उक्त दस्तावेजको बुंदा नम्बर ३.८ मा रहेको उद्देश्य स्वास्थ्य क्षेत्रमा सर्वब्यापी पहुँच (Universal Health Coverage) प्राप्त गर्ने, जनताको स्वास्थ्य सेवा लिदा हुने आर्थिक जोखिम न्यूनीकरण गर्दै सबैको लागि स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने व्यहोरा उल्लेख गरिएको छ । नेपालको संबिधान बमोजिम आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित भएको अवस्थामा स्वास्थ्य क्षेत्रमा सर्वब्यापी पहुँच हासिल गर्नका लागि स्वास्थ्य सेवा लिदाको समयमा उपचार खर्च भुक्तानी गर्नुपर्ने बाध्यताका कारण स्वास्थ्य सेवा लिनबाटै बञ्चित हुनु पर्ने परिस्थितीको निराकरणकका लागि सामाजिक स्वास्थ्य बीमा मार्फत सरकारले जनताको स्वास्थ्यमा लगानी गर्नुपर्ने हुन्छ । बिपन्न तथा लगानी गर्न नसक्ने जनताको हिस्सालाई संरक्षण गर्दै नेपाली जनताको विभिन्न कर मार्फत प्राप्त हुने बजेटबाट नै सामाजिक स्वास्थ्य बीमामा सरकारको लगानी सुनिश्चितता गर्न सरकारको स्वामित्वमा नै उक्त बीमा संचालन गरेमा स्वास्थ्य क्षेत्रमा सर्वब्यापी पहुँचको लक्ष्य हासिल गर्न सकिन्छ र यसका लागि हाल स्वास्थ्य बिमाको सेवा र ब्यबस्थापनमा तत्काल सुधार गरी सर्वसुलभ र गुणस्तरीय बिमित मैत्री स्वास्थ्य सेवाको विकास गर्न अति आवश्यक छ भन्ने ठहर यस संघको रहेको छ ।

यसर्थ बजेट बक्तब्यमा रहेको स्वास्थ्य बीमालाई बीमा कम्पनी मार्फत संचालन गरिने भन्ने बिषयलाई सच्याएर सरकारको स्वामित्व तथा स्वास्थ्यको क्षेत्राधिकारमा नै सामाजिक स्वास्थ्य बीमा मार्फत स्वास्थ्य सेवा प्रदान गरी जनताको संबैधानिक स्वास्थ्य हक तथा अन्तराष्ट्रीय प्रतिबद्धताको पालना गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।

Nepal Public Health Association

वसन्त अधिकारी

अध्यक्ष

Talchhikhel, Lalitpur, Nepal

Ph: 01-5549509; P.O.Box-3780

Email: nepalpublichealthassociation@gmail.com

Website: www.nepha.org.np

We are affiliated with WFPHA and SEARO-FPHA